# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी मधेश प्रदेश


पत्र संख्या: २०८२ । २०८३
च.नं.

मिति:२०८३।०३।२६

दोस्रो पटक सूचना प्रकाशित मिति २०८३।०३।२६ गते

## पशु हाट बजारको ठेक्का लगाउने सम्बन्धी सूचना

जलेश्वर न.पा. वडा नं. १ स्थित बरुणसर पोखरीको डिलमा सोमबार तथा विहिवारका दिन लाग्ने पशु हाट बजारको सेवा शुल्क संकलन गर्न आ.व. २०८३।०८४ को २०८३ साल श्रावण १० गते देखी २०८३।०८४ को २०८४ साल आषाढ मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही टिकट वापत रु.१०।- नगदै संलग्न राखि सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धीत सबैमा जानकारीको लागि यो दोस्रो पटक ७ दिने सूचना प्रकाशित गरिएको छ ।

## पशु हाट बजार सेवा शुल्क दरवन्दी :-

(क) बाख्रा, खसी, भेडा , बोका आदि विक्रि गर्ने संग सैकडा रु. १।-

(ख) बाख्रा, खसी, भेडा , बोका आदि खरिद गर्ने संग सैकडा रु. १।-

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको र फर्म , संघ,संस्थाको हकमा २०८३ साल अषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपि साथ निवेदन तथा पछि फिर्ता नहुने गरी पशु हाट बजारको रु.३०००।- बुझाई यो सूचना प्रकाशित मिति देखी ७ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कर शाखाबाट बोलपत्र खरिद गर्न सकिनेछ ।
२. बोलपत्र कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
३. यस कार्यालयबाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन बाँकी रहेका बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छैन । त्यस्तो बोलपत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वत: बदर हुनेछ ।
४. धरौटी वापत नेपाली नागरिक वा फर्म ,संघ संस्था भए कबोल अंकको ५ प्रतिशत हुने रकम यस कार्यालयको रा.बा. बैंक जलेश्वरमा रहेको धरौटी खाता नं. १२७०१००३०३०००००३ खातामा जम्मा गरेको सक्कल भौचर सिलबन्दी बोलपत्र साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बोल कबोल जमानी पत्र सिलबन्दी बोलपत्र साथ संलग्न गर्नु पर्ने छ र धरौटी वापतको नगद रकमलाई मान्यता दिईने छैन ।
५. व्यक्ति फर्म वा संस्थाको नामबाट खरिद भएको बोलपत्र अरु व्यक्ति , फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन । त्यस्तो बोलपत्र पेश भै दर्ता हुन गएमा पनि स्वत: बदर हुनेछ ।

निमित प्रमुख प्रशासकीय अधिकृत


टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्याः २०८२ । २०८३ मितिः२०८३।०३।२६
च.नं.

६. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित मिति देखि ८ औं दिनको १:०० बजे यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । उक्त बोलपत्रहरु ८ औं दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने काम रोकिने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनको सोही समयमा खरिद तथा सोको भोलिपल्ट दाखिला गर्न सकिनेछ ।

७. ठेक्का स्वीकृती भएपछि ठेक्का अंक लाई २ (दुई) किस्तामा बुझाउन सकिन्छ । पहिलो किस्ताको कुल रकम चलन पूर्जि दिने दिन सम्म नगदै र बाँकी किस्ता बराबरको कुल रकम नेपाल राष्ट बैंकबाट (क) वर्गको मान्यता प्राप्त बैंकको कम्तिमा १ (एक) वर्ष म्याद भएको बैंक जमानी पत्र वा ठेक्का अंकको कुल रकम नगदै यस नगरपालिकाका कार्यालयमा बुझाई सकेपछि कबुलियत गराई पटा र चलन पूर्जि दिने कार्य हनेछ ।

८. ठेक्का सम्बन्धीत दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृती कारणबाट हुने हानी नोक्सानीको जिम्मेवारी यस कार्यालयको नभई स्वयम ठेकदारको हुनेछ । स्वीकृती ठेक्का अंकमा बन्द, हरताल आदी जस्ता कारणबाट कुनै पनि छुट वा मिन्हाको दावी गर्न पाईने छैन ।

९. ठेक्का संग सम्बन्धीत काममा लाग्ने सरकारी कर, दस्तुर आदि ठेकदार स्वंयले नै बुझाउनु पर्नेछ । र ठेक्का अवधि सम्पन्न भएपछि कर हिसाव चुक्ताको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ ।

१०. सम्पूर्ण किस्ता एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.रित नपुगी, म्याद नाघी तथा शर्त राखि पेश हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१३. पशु हाट बजार क्षेत्र भन्नाले वरुणसर पोखरीको पुर्व दक्षिण कुनाको २०० मिटर भित्रको क्षेत्र हुनेछ ।

१४. यस सम्बन्धीत अन्य कुरा बुझन आवश्यक भएमा यस कार्यालयको कर शाखामा कार्यालय समय भित्र बुझन सकिनेछ ।

१५. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१६. न्युनतम अंक रु. ३०, ०५,०००।- ( अक्षरेपी रु.तिस लाख पाँच हजार) मात्र ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेब साइटः http://www.jaleshwarmun.gov.np